# रेडियोः सोखदेखि 'करिअर' सम्म

**भगीरथ योगी**

मध्यपश्चिमको दाङ जिल्लास्थित पद्मोदय पब्लिक माध्यमिक विद्यालय, भरतपुरमा मेरा पिताजी छविलाल योगी लेखापाल हुनुहुन्थ्यो । उक्त विद्यालयका तत्कालीन प्रधानाध्यापक तोरणध्वज श्रेष्ठ कामविशेषले काठमाडौँ जाँदा उहाँसँगै 'नेशनल पानासोनिक' रेडियो मगाएको अझै सम्झना गर्नुहुन्छ मेरा पिताजी । यो म नजन्मँदैको अर्थात् २०१८/१९ सालतिरको कुरा हो । आफू सानो हुँदा मेरो गाउँ (चौघेरा) मा सो रेडियो चर्चा र आकर्षणको विषय रहेको म सम्झन्छु । गाउँमा बिजुलीबत्ती थिएन । झन् टेलिभिजन आएको त केही वर्ष मात्रै भयो । त्यसैले रेडियो नै गाउँमा समाचारको स्रोत थियो । समाचार सुन्न गाउँका बूढापाका, तन्नेरी र महिलाहरू पनि हाम्रो घरमा भेला भएको अलिअलि सम्झना आउँछ मलाई ।

म गाउँकै श्री सिद्ध रत्ननाथ निम्न माध्यमिक विद्यालयमा भर्ना भएँ, पढ्दै र बढ्दै गएँ । विद्यालयमा भइरहने वादविवाद, हाजिरीजवाफ र साहित्यिक प्रतियोगिताहरूमा भाग लिन निकै उत्साही र उत्सुक थिएँ म । घरमा रेडियो

सुन्ने बानी र सूचना तथा समाचारप्रतिको व्यक्तिगत आकर्षण नै यसको कारण हो कि जस्तो लाग्छ मलाई । माध्यमिक तहमा पढ्दा राष्ट्रिय माध्यमिक विद्यालय रझेनामा हाजिरीजवाफमा भाग लिएको थिएँ । मध्य-पश्चिमाञ्चल स्तरीय वादविवाद प्रतियोगितामा हाम्रो टोली प्रथम भएपछि गुरु नारायण तर्तालका साथ रामचन्द्र लामिछाने (लोक गायक) र म २०३३/३४ सालतिर पहिलोपटक काठमाडौँ आएका थियौँ– राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिन ।

रेडियोप्रति साँच्चिकै रस बसेको भनेको २०३५/३६ सालमा नै हो । २०३६ सालमा म एसएलसी परीक्षाको तयारी गरिरहँदा जनमत सङ्ग्रहको घोषणा भैसकेको थियो । हाम्रो विद्यालय स्वभाविक रूपले राजनीतिक क्रियाकलापमा अघि थियो । विद्यालयबाट टोली बनाई दाङ जिल्लाका विभिन्न क्षेत्रमा 'नीलो रङ्ग' अर्थात् बहुदलको पक्षमा प्रचारप्रसार गर्न हिँडेको म अझै सम्झन्छु । त्यसै बेलादेखि घरमा ठूला-बडासँग बसी बीबीसी नेपाली र बीबीसी हिन्दी सेवा, अल इण्डिया रेडियो र रेडियो नेपालका समाचार तथा समाचारमूलक कार्यक्रमहरू सुन्नेतर्फ मेरो रुचि बढेको थियो ।

२०३७ सालमा एसएलसी उत्तीर्ण भएपछि काठमाडौँमा अमृत साइन्स क्याम्पसमा भर्ना भएँ म । त्यस बेला पनि साप्ताहिक अखबारहरू पढ्ने, रेडियो सुन्ने गर्थें । क्याम्पसमा भित्तेपत्रिकाको सम्पादनमा म संलग्न हुन पुगेको थिएँ । सस्तो मूल्यको चिनियाँ रेडियो हाम्रो सूचनाको प्रमुख स्रोत थियो । त्रिचन्द्र क्याम्पस स्वतन्त्र विद्यार्थी यूनियनको सदस्यका रूपमा २०४२ सालको सत्याग्रहमा भाग लिएको थिएँ मैले । त्यस क्रममा पक्राउ परेपछि झण्डै चार महिना जति काठमाडौँको सेन्ट्रल जेलमा बन्दी जीवन बिताउँदा अन्य साथीहरूको जस्तै रेडियो मेरो जीवनको अभिन्न अङ्ग बनेको थियो । जेलमा रहँदा हामी बीबीसी हिन्दी र बीबीसी नेपाली सेवा सुन्दथ्यौँ । यसबाहेक अल इण्डिया रेडियोले पनि नेपालको तत्कालीन राजनीतिक आन्दोलनलाई निकै महत्त्व दिएर प्रसार गर्ने हुनाले सो प्रसारण पनि हामी नियमित रूपमा सुन्ने गर्थ्यौं । मनोरञ्जनात्मक कार्यक्रमतर्फ सिलोन रेडियोबाट प्रसार हुने *बिनाका गीतमाला* हाम्रो प्रिय कार्यक्रम थियो भने सो कार्यक्रमका प्रस्तोता, अमीन सयानी, हाम्रा लोकप्रिय प्रस्तोता । तर त्यो कार्यक्रम कहिलेसम्म चल्यो भन्नेचाहिँ अहिले सम्झना गर्न सक्दिनँ ।

२०४२ सालको अन्ततिर बुवा अचानक बिरामी हुनुभएपछि बिएस्सी अन्तिम वर्षको जाँच सिद्धाएर घर फर्कें म । त्यसपछि आफूले अध्ययन गरेकै विद्यालयमा विज्ञान शिक्षकको रूपमा अध्यापन कार्यमा संलग्न भएँ । रेडियो सुन्ने एउटा लत

नै बसिसकेको थियो । राजाको प्रत्यक्ष नेतृत्वमा सञ्चालित पञ्चायत व्यवस्थाको अन्तिम समय थियो त्यो । तर केही वर्षभित्रै देशमा बहुदलीय व्यवस्था पुनर्बहाली हुनेछ भन्नेचाहिँ सोच पार्न सकिएको थिएन । रेडियो नेपाल सरकारी सञ्चारमाध्यम भएको र २०४५/४६ सालतिर बहुदलवादीहरू विरुद्ध विषवमन गर्ने संयन्त्रमा परिणत गरिएकाले स्वभावतः बीबीसी र अल इण्डिया रेडियो मेरा प्रिय रेडियो स्टेसनहरू थिए । खासगरी २०४६ सालको जनआन्दोलनको समयमा त देशभरि कहाँ, के भैरहेको छ भन्ने थाहा पाउन पनि बीबीसी नसुनी नहुने भएको थियो । तर रेडियोबाट सुनेको आन्दोलनको खबरबारे खुलेर चर्चा परिचर्चा गर्न सम्भव थिएन । त्यसैले मन मिल्ने साथीहरू र बिनोद पोखेल सर लगायतका अग्रजहरूसँग अब आन्दोलनले कस्तो मोड लेला भन्नेबारे पटकपटक गोप्य छलफल र सरसल्लाह गर्ने गरिन्थ्यो । पछि स्नातकोत्तरको अध्ययन सुरु गर्ने उद्देश्यले २०४७ सालतिर फेरि काठमाडौँ आइपुगेँ । त्यसै बेला मित्र केशव अधिकारीमार्फत सुशील सर (अहिले बीबीसी नेपाली सेवाका काठमाडौँ प्रतिनिधि) सँग भेटघाट भयो । उहाँकै प्रेरणामा *स्पटलाइट* अङ्ग्रेजी साप्ताहिकमा प्रशिक्षार्थी पत्रकारको रूपमा काम थालेको एक वर्षपछि नेपाल अन्धा कल्याण सङ्घको अधिकृत स्तरको जागिर छाडेर म पत्रकारितामा चुर्लुम्म डुब्न पुगेँ ।

सुशील शर्माले *स्पटलाइट* छाडेर बीबीसी नेपाली सेवाको संवाददाताको रूपमा काम गर्न थालेपछि म सोही पत्रिकामा संलग्न रहँदारहँदै पनि उहाँलाई सघाउन थालेँ । त्यसपछि सुरु भयो रेडियो पत्रकारितातर्फको मेरो यात्रा । झोलामा सानो एफएम रेडियो, माइक्रोफोन र टेप रेकर्डर त साथीजस्तै बन्न पुग्यो । कुनै पनि प्रमुख घटनाका बारे राजधानीमा स्थलगत समाचार सङ्कलन र सम्प्रेषण गरेको चुनौतीपूर्ण सम्झना जीवनको महत्त्वपूर्ण निधिका रूपमा मसँग सुरक्षित छ । २०५८ जेठ १९ को नारायणहिटी हत्याकाण्डपछि बागमती आर्यघाटमा भैरहेको शाही परिवारका सदस्यहरूको राजकीय अन्तिम संस्कार आर्यघाटबाट मेरा आफन्त नेत्रराज गिरीको मोबाइल प्रयोग गरी बीबीसी नेपाली सेवाका लागि प्रत्यक्ष रिपोर्टिङ गरेको सम्झना पनि ताजै छ ।

बीबीसी नेपाली सेवाका प्रमुख खगेन्द्र नेपालीको आमन्त्रणमा मार्च २००३ देखि झण्डै सोह्र महिना लण्डनस्थित 'बुस हाउस' मा बीबीसी नेपाली सेवासँग आवद्ध रही काम गर्ने अवसर पनि पाएँ । विश्वकै एउटा प्रमुख र महङ्गो सहर लण्डन बसाइका सुखद तथा कठिन पक्षबाहेक व्यावसायिक रूपमा बीबीसीमा कार्यरत रहँदा थुप्रै कुरा सिक्ने, जान्ने मौका पाएँ । खासगरी बीबीसीजस्तो विश्वकै एउटा प्रतिष्ठित समाचार संस्थाले कसरी समाचार सङ्कलन गर्ने रहेछ,

विश्व घटनाहरूलाई कसरी प्राथमिकता दिँदो रहेछ, समाचारको स्रोत, विश्वसनीयता र आम श्रोतासँग त्यसको सम्बन्धबारे कसरी ध्यान पुऱ्याउनुपर्ने रहेछ भन्नेबारे पनि केही सिक्ने मौका पाएँ । त्यसबाहेक 'सेल्फ अपरेटिङ' स्टुडियोमा बसेर साथीहरूका साथ कार्यक्रम सञ्चालन गरेको र समाचार वाचन गरेको रोचक सम्झना त छँदैछ ।

अहिले काठमाडौँ फर्केपछि *नेपालन्यूज अनलाइन* नामक समाचार संस्थासँग सम्बद्ध रहँदा पनि रेडियो मेरालागि सूचनाको प्रमुख स्रोत बनेकै छ । काठमाडौँबाट प्रसारित हुने सबैजसो रेडियो स्टेसनका मुख्यमुख्य समाचार बुलेटिनहरू नछुटाई सुन्ने बानी नै बसिसके जस्तो छ ।

केही वर्षअघि समाचार सङ्कलनका क्रममा काभ्रे जिल्लाको भ्रमण गर्दा अमेरिकास्थित 'नेशनल पब्लिक रेडियो' का एकजना पत्रकार (उनको नाम बिर्से) लाई मैले सोधेको थिएँ– "टेलिभिजन र रेडियोबीच छान्नुपर्ने भए तिमी कुन माध्यम रोज्ने थियौं ?" उनले तुरुन्तै जवाफ दिए– "रेडियो आम सञ्चारको अत्यन्त सशक्त माध्यम हो, त्यसैले रेडियो छोड्ने प्रश्नै छैन ।" हुन पनि हाम्रो जस्तो भौगोलिक बनावट र शैक्षिक स्तर भएको मुलुकमा आउँदा कैयौं वर्षसम्म रेडियो नै सूचना, जानकारी र मनोरञ्जनको प्रमुख माध्यम रही नै रहने कुरामा शङ्का छैन । रेडियो पत्रकारहरूको भरपर्दो जमात तयार भैरहे तापनि रेडियो पत्रकारितासम्बन्धी सीप अभिवृद्धि गर्न गुणस्तरयुक्त प्रशिक्षण संस्था, सन्दर्भ सामग्री र आवधिक तालिमको अभाव चाहिँ हामी सबैलाई खट्किएको कुरा हो ।

खासगरी प्रविधिको विकाससँगै पश्चिमा विश्वमा अहिले डिजिटल रेडियोहरू लोकप्रिय हुँदै गएका छन् । छापा माध्यम र टेलिभिजनसँग तथा 'ब्रेकिङ न्यूज' दिने मामिलामा 'अन लाइन' समाचार संस्थाहरूसँग प्रतिस्पर्धा गरिरहनु परेको भए तापनि रेडियो एउटा लोकप्रिय सञ्चारमाध्यमको रूपमा रहिरहने कुरामा ढुक्क हुन सकिन्छ । बेलायतमा पनि 'बीबीसी रेडियो फोर' लगायत अन्य निजी रेडियो स्टेसनहरूको लोकप्रियता बढ्दै गएको त्यहाँका जानकारहरूले बताएका थिए ।

जे होस् व्यक्तिगत रूपमा, रेडियो मेरो पारिवारिक र पेशागत जीवनको अभिन्न अङ्ग रही नै रहनेछ भन्ने कुरामा म ढुक्क छु, एउटा साथी र सहयोगीको रूपमा ।